# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको ।**

प्रहरी चौकी खिदिम, अर्घाखाँची दरबन्दी भई हाल ट्राफिक प्रहरी पोष्ट रामनगर, बुटवल रुपन्देहीमा कार्यरत प्रहरी सहायक निरीक्षक सुर्य बहादुर अधिकारीले बिभिन्न बहाना बनाई डर त्रास देखाई टिप्पर गाडी रोकी दुःख हैरानी दिने गरेको र टिप्पर आवतजावतमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज सुर्य बहादुर अधिकारीलाई सेवाग्राहीबाट रु. ५,०००।– (पाँच हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा अस्थायी ट्राफिक प्रहरी पोष्ट रामनगर, बुटवलमा कार्यरत प्रहरी सहायक निरीक्षक सुर्य बहादुर अधिकारीले सेवाग्राहीको टिप्परहरु संचालनमा सहजीकरण गरिदिएबापत मासिकरुपमा रकम दिनुपर्ने भनी रु. ५,०००।— घुस/रिसवत रकम माग गरी लिएको तथ्य पुष्टि हुन आएको देखिंदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निज सुर्य बहादुर अधिकारीलाई बिगो रु. ५,०००।— (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला